राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव



**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१६ ।। अङ्क : २८० ॥ २०८१ मंसिर १५ गते शनिबार (30th Nov 2024 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# ‘झापाका महिला उपप्रमुखहरु नै लैङ्गिक हिंसाको शिकार’

झापा(प्रस) । झापाका विभिन्न पालिकाका महिला उपप्रमुखहरुले आफूहरु नै लैङ्गिक हिंसाको शिकार भएको बताएका छन् ।

लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान संचालन भइरहँदा शुक्रवार मानव अधिकार सञ्जालद्वारा बिर्तामोडमा आयोजित लैङ्गिक हिंसाविरूद्धको कार्यक्रममा सहभागी महिला उपप्रमुखहरुले पुरुषहरु मात्र प्रमुख हुनुपर्ने र महिलालाई उपप्रमुखमा सीमित गरेर लैङ्गिक हिंसा गरिएको बताएका हुन् । उनीहरुले पालिका प्रमुखमा मात्र नभएर प्रमुख प्रशासकीय अधिकृतसमेत पुरुषलाई बनाएर महिला नेतृत्वमाथि नै हिंसा गरिरहेको बताए । पालिकाहरुमा एउटै रेंकिङका महिला र पुरुष कर्मचारीहरु हुँदा पुरुषहरुलाई नै रोजेर शाखा प्रमुख बनाउने गलत प्रवृत्तिसमेत रहेको उनीहरुको गुनासो छ ।



कार्यक्रममा बोल्दै मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेतीले आफूहरु कार्यालयमा पस्दा पहिला नमस्कार गरेर छिर्ने व्यक्तिहरुमा परेको गुनासो गरिन् । ‘लैङ्गिक हिंसालाई महिला हिंसामा किन रुपान्तरण गरियो ? यो चुनौतिको विषय हो’ उनले भनिन् ,‘ हामी महिलाहरु आफ्ना अधिकारका बारेमा बुझ्यौ भने कार्यालयमा झुक्नु पर्दैन ।’ महिलासंग एउटै रेंकिङ भएका पुरुष कर्मचारीहरु नै पालिकामा शाखा प्रमुख हुनुपर्ने विषयलाई खोजी गरेर निरुत्साहित गर्नुपर्ने उनको भनाई छ ।

त्यस्तै झापा गाउँपालिकाकी कार्यबाहक अध्यक्ष अन्जुदेवी थपलियाले पुरुष रहेका पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले मिलेर महिला उपप्रमुखलाई थाहै नदिई कतिपय काम गर्ने गरेको गुनासो गरिन् ।‘ पालिका प्रमुखमा पुरुष र उपप्रमुखमा महिलालाई बनाएर लैङ्गिक हिंसा भइरहेको छ ’ उनले भनिन्,‘ अब अर्को निर्वाचनमा सबै प्रमुख पदमा महिलाहरु उठ्नु पर्छ, पार्टी हेर्नु हुँदैन ।’

त्यस्तै दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई प्रसाईले जहाँ जति शहरीकरण र समृद्धि छ , त्यहाँ त्यति धेरै लैङ्गिक हिंसा भइरहेको बताइन् । राजनैतिक , सामाजिक , आर्थिक , घरेलु जहाँ पनि महिलामाथि नै बढी हिंसा भइरहेको उनको भनाई थियो ।

कार्यक्रममा अर्जुनधारा नगरपालिकाका उपप्रमुख खड्गमाया पराजुली, भद्रपुर नगरपालिकाका उपप्रमुख राधा कार्की , शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की,हल्दिबारी गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी मैनालीको पनि सहभागिता रहेको थियो । उनीहरुले आफूहरुले हिंसा नगर्ने र गर्न पनि नदिने प्रतिवद्धता जनाएका थिए । मुखले हिंसा गर्दिन भनेर होइन, व्यवहारले देखाउनु पर्ने उनीहरुको भनाई थियो ।

मानव अधिकार सञ्जाल झापाका अध्यक्ष डाक्टर रूपक खनालको अध्यक्षतामा भउको कार्यक्रमको प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला रहेका थिए । कार्यक्रममा अधिवक्ता कविता बास्तोला पाठकले कार्यपत्र प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा झापा बारका उपाध्यक्ष अधिवक्ता भिम वराल, इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक विद्यासागर मेहतालगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालक रञ्जन धमलाले गरेका थिए ।

# दुर्गाको बयान– कम्बोडियामा लगानी दाबी गरिएको कागजात झुटो

झापा(प्रस) । मेडिकल व्यवसायी दूर्गा प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीको कम्बोडियामा लगानी भएको दाबी गर्दै सार्वजनिक गरेको कागजात नक्कली (फेक) भएको भएको बयान दिएका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सिआईबी)का अधिकारीहरूसँगको बयानमा प्रसाईंले उक्त कागजातहरू नक्कली र त्यसमा कुनै सत्यता नभएको बयान दिएका हुन्।

प्रसाईंले आफूलाई ह्वाट्स एपमार्फत उक्त डकुमेन्ट आएको बताएका छन्। ‘मलाई कसैले ह्वाट्स एपमा उक्त डकुमेन्ट पठाएको हो। कसले पठाएको हो भन्ने पनि थाहा छैन। ह्वाट्स एपमा आएपछि मैले सार्वजनिक गरेको हुँ। यो डकुमेन्ट फेक हो। बयानमा उनले भनेका छन्,’ सिआईबी स्रोतले भन्यो।

विद्युतीय कारोबार ऐनअन्तर्गतको कसूरमा प्रहरीले उनीमाथि अनुसन्धानसमेत गरिरहेको छ। अनुसन्धानकै क्रममा सिआईबीको टोलीले झापा मेचिनगर नगरपालिका-१३ चारआलीका नविन प्रधान भन्ने हरिचन्द्र फुयँललाई समेत पक्राउ गरेको छ। दुर्गा प्रसाईंसँग लेनदेन र ’कनेक्सन’ देखिएपछि सिआईबीको टोलीले ३६ वर्षीय फुयललाई भारतको आसामबाट पक्राउ गरेको हो।

प्रहरी अनुसन्धानले फुयँलले भारतीय नम्बरबाट नेपालमा विभिन्न व्यवसायीहरूलाई धम्काउँदै आएको देखाएको छ। सिआईबी स्रोतका अनुसार फुयलले नेपालका व्यवसायीहरूलाई आफू लरेन्स बिश्नोई समूहको सदस्य रहेको र दुर्गा प्रसाईंसँग तुरुन्त माफी नमागे ज्यान लिने धम्की दिँदै आएका थिए। फुयँलले प्रसाईंसँग ५ लाख रुपैयाँ लिएको समेत प्रहरी स्रोतले बताएको छ। दुर्गा प्रसाईंबाट रकम लिएर उनकै निर्देशनमा काम गर्दै आएको देखिएको अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूले दाबी गरेका छन्।

‘फुयँलले भारतीय आपराधिक समूहको नामबाट व्यावसायीहरूलाई धम्की दिने कार्य मेडिकल ब्यावसायी दुर्गा प्रसाईंको निर्देशनमा गर्ने गरेको र यसअघि पनि विभिन्न कसूरमा संलग्न भई फरार रहेको खुल्न आएको छ,’ प्रहरी स्रोतले भन्यो। उनीहरूसँग जोडिएका केही व्यक्तिहरू दुबईमा पनि हुनसक्ने प्रहरीको अनुमान छ। ‘दुबईमा पनि यो समूह सक्रिय रहेको भन्ने सूचना छ। हामी त्यस विषयमा पनि अनुसन्धान गरिरहेका छौं,’ अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले भने।

# दुर्गाका सेना फुयँल पक्राउ, ९ जना धरौटीमा छुटे

झापा(प्रस) । नेपालमा व्यवसाय गरिरहेका विभिन्न व्यक्तिहरुलाई भारतीय नम्बरबाट फोनकल तथा म्यासेजमार्फत आफू भारतीय आपराधिक समूह लरेन्स बिश्नोइको सदस्य हुँ भन्दै धम्की दिने एक व्यक्ति पक्राउ परेका छन् ।पक्राउ पर्नेमा पाँचथर साविक मौवा





गाविस वडा नं. ६ घर भई हाल झापा मेचीनगर नगरपालिका वडा नं. १३ चारआली बस्ने ३६ वर्षीय नविन प्रधान भन्ने हरिचन्द्र फुयँल रहेका छन् ।

उनले नेपालमा व्यवसाय गरिरहेका विभिन्न व्यक्तिहरुलाई भारतीय नम्बरबाट फोनकल तथा म्यासेजमार्फत आफू भारतीय आपराधिक समूह लरेन्स बिश्नोइको सदस्य हुँ भनी मेडिकल व्यवसायी दुर्गा प्रसाईसँग तुरुन्त माफी माग्नु अन्यथा ज्यानसमेत लिने धम्की दिई आतंकित पारेका थिए ।

बुधवार बेलुका मेचीनगर- १३ चारआलीबाट केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पक्राउ गरेको हो । पक्राउपछि प्रारम्भिक अनुसन्धान गर्दा उनले भारतीय आपराधिक समूहको नामबाट व्यवसायीहरुलाई धम्की दिने कार्य मेडिकल ब्यवसायी दुर्गा प्रसाईको निर्देशनमा गरेको खुलेको प्रहरीले जनाएको छ । उनी यसअघि पनि विभिन्न कसुरमा संलग्न भई फरार रहेको खुलेको प्रहरीले जनाएको छ । उनको साथबाट भिभो र रेडमी कम्पनीका १/१ थान मोबाइल बरामद भएका छन् ।

यसैबीच दुर्गा प्रसाईंका ९ जना समर्थक धरौटीमा रिहा भएका छन् ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सामान्य धरौटी बुझाएर उनीहरु रिहा भएको अधिवक्ता स्वागत नेपालले बताए । रिहा हुनेहरुमा ओमप्रकाश लुइटेल , राजु रानाभाट, देवी संग्रौला , सुदिप नेपाल , बलबहादुर तामाङ, रमेशकुमार परियार, विश्वास सुवेदी , माधव पौडेल र तुलसीबहादुर विश्वकर्मा रहेका छन् ।

अभद्र व्यवहार गरेको आरोपमा उनीहरु ११ दिनअघि पक्राउ परेका थिए ।

अभद्र व्यवहारको आरोपमा पक्राउ परेका प्रसाईंका सहयोगी माधव कल्पित(माधवप्रसाद खतिवडा) प्रहरी हिरासतमै छन् । उनलाई प्रहरीले बुधवार पक्राउ गरेको हो ।


## पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.

**बिर्तामोड-३ , बिर्ताबजार, झापा**

## साधारण सभा सम्बन्धी सूचना

यस पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.को गत कात्तिक २८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारण सभा निम्न मिति , स्थान र समयमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई अनिवार्य उपस्थित भइदिनु हुन सूचित गरिन्छ ।

**साधारण सभा हुने मिति- २०८१ साल पुष ४ गते बिहीवार**

**स्थान- नेत्रहीन संघ झापाको सभाहल, बिर्तामोड-३ बिर्ताबजार**

**समय- बिहान १० बजे**

**गंगाकुमारी कार्की**
**सचिव**

**यादवकुमारी तिम्सिना**
**अध्यक्ष**


# गिरीबन्धुको फ्याक्ट्री अगाडि कुकर बम राख्ने दुई पक्राउ

झापा(प्रस) । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्डको नाममा गिरीबन्धु टी इस्टेटको चिया फ्याक्ट्री अगाडि कुकर बम राखेर आतंकित पार्ने दुईजना पक्राउ परेका छन् । घटना गराएको करिव अढाई महिनापछि उनीहरु पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. ९ मधुमल्ला बस्ने ३६ वर्षीय राजकुमार माझी र कानेपोखरी गाउँपालिका वडा नं.६ शिवालय टोल बस्ने २० वर्षीय धिरज माझी रहेका छन् । बुधवार राजकुमारलाई उर्लाबारी नगरपालिका वडा नं. ७ उर्लाबारी चोकबाट पक्राउ गरिएको हो भने सोही दिन धिरज पथरीशनिश्चरे नगरपालिका वडा नं. १ जातेरोड चोकबाट पक्राउ परेका हुन् । घटनापश्चात् फरार रहेका उनीहरुलाई सुक्ष्म रुपमा अनुसन्धान गरी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनीहरुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले जिल्ला अदालतबाट विष्फोटक पदार्थसम्बन्धी कसूरमा ३ दिन म्याद थप गरी अनुसन्धान गरिरहेको चन्दले जानकारी दिए ।

गत भदौ २८गते बिहान अन्दाजी ६:१० बजे बिर्तामोड नगरपालिका वडा नं. ६ स्थित गिरीबन्धुकै शमशेर एण्ड गंगादेवी टी स्टेट प्रा.लि. को पश्चिम पर्खालनजिकै क्षति पुर्याउने उद्धेश्यले उनीहरुले कुकर बम राखेका थिए । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्ड गिरीबन्धु टी स्टेटको जग्गा कब्जा किन..?लेखिएको पर्चा त्यहाँ भेटिएको थियो ।




### आज बाला चतुर्दशी
# शतबीज छर्नेको अर्जुनधारा र सतासीधाममा घुइँचो

झापा(प्रस) । पितृका नाममा दीप दान गरेर आज बाला चतुर्दशी पर्व मनाइदैछ । बाला चतुर्दशीका दिन दिवंगतहरूको लागि बलिदान र अनुष्ठान गर्दा पुण्य प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ । पितृहरूप्रति भक्ति गरेमा यसले मुक्ति र परम शान्ति प्रदान गर्ने विश्वास पनि छ ।

काठमाडौँको पशुपतिनाथ मन्दिरसँगै झापाको अर्जुनधारा , सताक्षीधाम , विराटपोखरीलगायत धार्मिक स्थलमा अघिल्लो दिनदेखि नै मानिसहरूको भिडभाड देखिएको छ । शुक्रवार रातभर जाग्राम बसेर, भजन कीर्तन गरेर दीप प्रज्वलन गरेपश्चात् आज शनिवार बिहान शतबीज छर्ने चलन रहेको छ । शतबीजमा सप्त बीज हुन्छ ।

हिन्दु धर्म मान्नेहरूले आफ्ना दिवङ्गत पुर्खाहरूको मुक्तिको लागि शतबीज छर्ने गर्छन् । कुनै पनि दुर्घटना वा अकालमा मृत्यु भएकाहरूलाई स्वर्ग वा नर्कमा तर्नका लागि सहज होस् भनेर शतबीज छर्ने गरिएको हो । मंसिर कृष्ण त्रयोदशीका दिन जाग्राम बसेर मृतात्माको नाममा दीप प्रज्वलन गर्नाले पितृ दोषबाट मुक्ति मिल्ने विश्वासमा हिन्दु धर्मावलम्बीमा रहेको छ ।

शतबीजमा ७ अन्नको प्रयोग गरिन्छ । धान, गहुँ, मास, मुँगी, कागुन र सामाको बीउ मात्र होइन, कुनै कुनै ठाउँमा कागती, निबुवा, सुन्तला, स्याउ, उखु, अम्बा, केरासहित तिल, चना, मकै पनि शत बीजमा प्रयोग गर्ने गरिन्छ । पूर्वको पशुपतिनाथ भनेर चिनिने अर्जुनधारा जलेश्वरधाममा बालाचर्तुदशीको अवसरमा आयोजना गरिने ४२औँ वार्षिक अनुष्ठानको तयारी पूरा भएको छ । प्रत्येक वर्ष मार्ग कृष्ण त्रयोदशीको बेलुकादेखि यस क्षेत्रमा लाग्ने मेलाको तयारी पूरा भएको धाम व्यवस्थापन समितिले जनाएको छ ।

समितिका कोषाध्यक्ष मनोज जोशीका अनुसार विश्वशान्ति र पितृ उद्धारका लागि मङ्सिर ८ गतेदेखि सुरु भएको महायज्ञ आज शनिबार बालाचर्तुदशीको दिनसम्म सञ्चालन हुनेछ । धाममा एक सय आठ आचार्य ब्राह्मणद्वारा श्रीमद्भागवतसहित हवन महायज्ञ भइरहेको उनले जानकारी दिए ।

उक्त अवधिमा पाँच लाख भन्दाबढी आन्तरिक तथा बाह्र श्रद्धालु भक्तजन यस क्षेत्रमा आउने अनुमान गरिएको कोषाध्यक्ष जोशीले बताए । महाभारतकालीन इतिहास बोकेको यस धामले जलेश्वरधामको रूपमा पौराणिक इतिहास उजागर गर्दै विसं २०२३ देखि आधुनिक संरचना बनाउन सुरु गरेको थियो । हालसम्म करिब पाँच बिगाह क्षेत्रफलमा बृहत् धाम विकासमा अघि बढिरहेको उनको भनाइ छ । धामभित्र एक सय आठ शिवलिङ्ग तथा पार्वती मन्दिर, शनि मन्दिर, यज्ञशाला, मोक्षेश्वर शिव लिङ्ग, अर्जुनवाण मूल पोखरी, पाँचधारा, धान्यचल, कालीनाग मन्दिर, हनुमान स्तम्भ, सन्त निवास भवन, श्री हनुमान लक्ष्मीनारायण तथा नटराज गणपति मन्दिर र गौशाला छन् ।

त्यस्तै झापाको शिवसताक्षी धाममा दीपदान गर्नेको घुइँचो छ। हजारौं संख्याका दिवंगत पितृहरूका आफन्तले उनीहरूको आत्माको मुक्तिका लागि सम्झनास्वरूप दीपदान गरिरहेका छन्। शताक्षी धाममा क्षेत्रको दिगम्बश्वर महादेव, शाकम्बरी सताक्षी देवी, द्वादश ज्योतिर्लिङ्ग, राम मन्दिर, शालिग्राम भगवानको मन्दिर, ५१ फिट अग्लो रुद्राक्षजडित शिवलिङ्ग र लिङ्ग महापुराण परिसरमा देवतान भइरहेको छ। दीपदानसँगै भजन किर्तन गरेर तिर्थालु भक्तजन जाग्राम बसिरहेका छन् । सताक्षीधाममा शतबीज छर्न आएका तिर्थालु भक्तजनले शनिवार बिहान नजिकैको सताक्षी गंगामा स्नान गरी शतबीज छर्ने चलन छ ।

यस वर्ष पनि मंसिर कृष्ण त्रयोदशीका दिन बेलुकाबाट सताक्षीधाममा पितृहरूको उद्धारका लागि दिपदान भएको गोलोक गोवर्धन गौशालाले जनाएको छ। गौशाला परिसरमा १० हजार भन्दा बढी सर्वसाधारणले दीप दान गरिरहेको गौशालाका अध्यक्ष नन्दकिशोरजी महाराजले बताए ।

त्रयोदशीको दिन बेलुकादेखि दिवङ्गत पितृका नाममा अखण्ड दीप प्रज्वलन गरी बसेका भक्तजनले आज पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने प्रचलन रहेको भारद्वाजले बताए । सताक्षीधाम मन्दिर र गौशाला परिसरमा झापा, मोरङ सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, इलाम, ताप्लेजुङ, पाँचथर लगायतका जिल्लाका सर्वसाधारण दीपदानका लागि आएका छन्। सताक्षीधाम क्षेत्रमा देशभरका भक्तजनहरु शतबीज छर्न र दर्शन गर्न आउने भएकोले आज अत्यधिक भीड रहेको छ ।


# दुर्घटनामा एकको मृत्यु, चार घाइते



झापा(प्रस) ।मोरङको रंगेलीमा ट्र्याक्टर पल्टिँदा चालकको मृत्यु भएको छ । शुक्रवार दिउँसो २ बजे रंगेली -८ चैनडाँडास्थित भित्री सडकखण्डमा चैनडाँडाबाट शान्ति चौकतर्फ जाँदै गरेको को २ त ३१७२ नं. को ट्र्याक्टरले न्यू स्टार इङ्गिलस बोर्डिङ स्कुलको बसलाई साइड दिने क्रममा आफै पल्टिएर नालामा खसेको थियो । ट्र्याक्टर पल्टिँदा चालक शान्ति चौक बस्ने अन्दाजी ३७ वर्षीय लाला हेमरम भन्ने प्रतु हेमरमको ट्र्याक्टरको मुनि किचिएर मृत्यु भएको हो । सोही ट्र्याक्टरमा सवार जहदा- ७ सिसवनी बस्ने अन्दाजी ४५ वर्षीय मोन्सी मुर्मू घाइते भएका छन् । रंगेली अस्पताल रंगेलीमा उपचारपश्चात उनी डिस्चार्ज भएको र मृतकको शवलाई कानुनी प्रक्रिया पुरा गरी पोस्टमार्टमको लागि रंगेली अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ ।

यता झापाको पाडाजुंगी - गौरादह सडकखण्डमा कार दुर्घटना हुँदा तीनजना घाइते भएका छन् । शुक्रवार दिउँसो ४ बजे कमल गाउँपालिका -६ दहीचोकस्थित पाडाजुंगी- गौरादह सडकखण्डमा गौरादहबाट पाडाजुंगीतर्फ जाँदै गरेको प्र.३-०१-०२२ च ५४९४ नम्बरको कार मोटरसाइकललाई जोगाउने क्रममा आफै अनियन्त्रित भई सडकबाट तल नालीमा पल्टिएको हो । दुर्घटनामा गौरादह -१ बस्ने ५४ वर्षीया दिब्या दाहाल , सोही ठाउँ बस्ने ३५ वर्षीया जुना दाहाल र ४५ वर्षीया शारदा दाहाल घाइते भएका हुन् । उनीहरुको आम्दा अस्पताल दमकमा उपचार भइरहेको छ । कार चालक गौरादह -१ बस्ने अन्दाजी ३० वर्षीय बिदुर दाहाल सकुशल रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# लिङ्ग फेर्न कृत्रिम हर्मोन प्रयोग



झापा(प्रस) । नेपालमा चिकित्सकको सल्लाहबिना लिङ्ग परिवर्तनका लागि कृत्रिम हर्मोनको प्रयोग गर्ने गरेको पाइएको छ । धेरैजसो यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मानिसले हर्मोनको औषधी प्रयोग गर्ने गरेको पाइएको हो ।

यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिले लिङ्ग परिवर्तनका लागि जथाभाबी हर्मोनको औषधी प्रयोग गरेको पाइएको छ । यौनिक तथा अल्पसंख्यक समुदायको क्षेत्रमा काम गर्दै आएकी एन्जल लामाले यौनिक तथा अल्पसंख्यक व्यक्तिले लिङ्ग परिवर्तनका लागि जथाभाबी औषधीहरू सेवन गर्ने गरेको बताइन् । पारालैङ्गिकमध्ये ८० प्रतिशतले चिकित्सकको परामर्शबिना हर्मोनको औषधी सेवन गरिरहेको जानकारी दिँदै लामाले चिकित्सकको सल्लाह र परीक्षणबिना हर्मोनको औषधी सेवन गर्न नहुने बताइन् । उनले लिङ्ग परिवर्तन गर्न नेपालमा सम्भव नभएको भन्दै आर्थिक क्षमता भएकाहरू भारत, थाइल्यान्डलगायतका मुलुकमा गएर पनि लिङ्ग परिवर्तन गराइरहेको बताइन् । उनले शल्यक्रिया गर्न नसक्नेहरूले नेपालमा जथाभावी हर्मोन परिवर्तनका लागि औषधी सेवन गरिरहेको बताइन् । उनले आफूखुसी हर्मोनको औषधी सेवनबारे व्यापक रूपमा जनचेतना जगाउनुपर्ने बताइन् ।

हर्मोन तथा थाइराइड रोग विशेषज्ञ डा. विनय भट्टराईले हर्मोनको जथाभाबी सेवन गर्दा समस्या हुने बताए । उनले अधिकांश यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूले चिकित्सकको सल्लाह अनुसार औषधी सेवन गर्ने गरे पनि कतिपयले भने आफूखुसी खाने गरेको बताए ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिले हर्मोन सेवन गर्दा चिकित्सकको परामर्शमा परीक्षण गरेर मात्र सेवन गर्न सुझाव दिए । उनले हर्मोनल पिलहरू टेस्टोस्टेरोन, इस्ट्रोजेन र प्रोजेस्ट्रोनले शरीरको हर्मोनल सन्तुलनमा परिवर्तन ल्याउन सक्ने जानकारी पनि दिए ।

# कचनकवल र शिवसताक्षीमा आगलागी, लाखौंको क्षति



झापा(प्रस) । झापाको कचनकवल र शिवसताक्षीमा आगलागी हुँदा ठूलो क्षति भएको छ । शुक्रवार दिउँसो २:१५ बजे कचनकवल- ६ बनियानीको हुकाहुकी चोकमा सत्यनारायण र हेमनारायण राजवंशीको घरमा भाडा लिई केशव राजवंशीले संचालन गरिरहेको त्यारी राजवंशी होटलमा अचानक ग्यास सिलिन्डर बिस्फोट भएर आगलागी भएको हो । आगलागीबाट होटलमा रहेका र्याक, टेबल, ग्यास चुलो, होटेलका सरसामान पूर्ण रुपले जलेर नष्ट भएको छ । उक्त होटलमा अन्दाजी ४ लाखबराबरको क्षति भएको छ । त्यस्तै छिमेकी झरेन्द्रकुमार पौडेलले संचालन गरेको निहारी होटलमा सोही आगलागीबाट २ बोरा युरिया, फ्रिजलगायतका सरसामान जलेर नष्ट हुँदा अन्दाजी १ लाखबराबरको क्षति भएको छ । त्यस्तै जयसिंह राजवंशीको घरमा भाडामा रहेको सिम्रिक सहकारी संस्थाको मिटर र सीसीटीभी, अमर राजवंशीले संचालन गरेको अमिला मेडिकल हलको सीसीटीभीसमेत जलेर नष्ट हुँदा जम्मा ५ लाख ३० हजारबराबरको क्षति भएको प्रहरीले जनाएको छ । उक्त आगलागी प्रहरी, स्थानीय र भद्रपुर नगरपालिकाको वारुण यन्त्रको सहयोगमा दिउँसो २:३०.बजे पूर्ण रुपले नियन्त्रणमा आएको जनाइएको छ ।

त्यस्तै शुक्रवार बिहान ११:४५ बजे शिवसताक्षी २ स्थित ७ नं. चौकमा ७६ वर्षीय रुद्रमणि भन्ने कृष्णमणि घिमिरेको गोठमा आगलागी भएको छ । टिनको छानो, बाँसको टाटी बेरा भएको गोठमा बिजुलीको तार सर्ट भई हुन सक्ने आगलागीबाट उक्त गोठ, नजिकै रहेको १ बिगाह परालको कुन्यू जलेर नष्ट भएको छ । आगलागीबाट १ लाख १० हजारबराबरको क्षति भएको जनाइएको छ । उक्त आगो निभाउने क्रममा घरधनी घिमिरे घाइते भएका छन् । आगोले उनको अनुहार र शरीरको बिभिन्न भागमा पोलेको छ । घाइतेलाई उपचारको लागि दमक अस्पताल दमक लगिएको र अबस्था मध्यम रहेको प्रहरीले जनाएको छ । उक्त आगो शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकाको दमकल, प्रहरी र स्थानीयको सहयोगमा दिउँसो .१२:४५ बजे पूर्ण रुपमा नियन्त्रणमा आएको थियो ।

# आइसिपीसम्म कार्गो रेल चलाउन माग

झापा(प्रस) । विराटनगरका उद्योगीले भारतको बथनाहा-आइसिपी कार्गो रेल उद्घाटनपछि सञ्चालनमा देखिएको समस्या हल गरिदिन सरकारसँग आग्रह गरेका छन् ।

उद्योग सङ्गठन मोरङ अध्यक्ष राकेश सुराना नेतृत्वको टोलीले अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योगमन्त्री दामोदर भण्डारी र प्रधानमन्त्रीका विशेष आर्थिक सल्लाहकार डा. युवराज खतिवडासँग भेटेर कार्गो रेल सञ्चालनमा सहयोग गरिदिन माग गरेको हो ।

भारतको बथनाहा-कटहरी कार्गो रेल निर्माणाधीन रहे पनि बथनाहादेखि विराटनगर-१८, आइसिपीसम्म २०८० जेठ १० गते उद्धाटन भएको थियो तर शुल्कलगायतका विवादका कारण उद्घाटनपछि अर्को कार्गो रेल आउन सकेको छैन । उद्योग सङ्गठन मोरङका अध्यक्ष सुरानाले सरकारले सहजीकरण गरिदिए कार्गो रेल सञ्चालनमा आउने आशा रहेको बताए ।

अध्यक्ष सुरानाले सरकारसँग त्यसबाहेक उद्योग व्यवसाय क्षेत्रले भोग्दै आएको विषयमा समेत जानकारी गराएको बताए । "औद्योगिक क्षेत्रमा देखिएको सुस्तता कसरी हटाउन सकिन्छ भन्ने विषयमा छलफल गरी समाधानका लागि पहल गर्न अनुरोध गरेर फर्केका छौँ," सुरानाले भने ।

बजारमा लामो समयदेखि छाएको सुस्तताले उद्योग व्यवसाय क्षेत्र प्रभावित हुँदै गएको र यो क्रम अझ लम्बिए अर्थतन्त्रमा नराम्रोसँग प्रभाव पर्ने उद्योगीको भनाइ छ ।

सरकार गठन भएको चार महिनासम्म पनि अर्थतन्त्र चलायमान नहुनुले यसको असरले औद्योगिक क्षेत्रमा नकारात्मक प्रभाव बढाएको उद्योगीको बुझाइ छ ।

यसै गरी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग नेपाली वस्तुले ब्युरो अफ इन्डियन स्ट्यान्डर्डको प्रमाणपत्र लिएपछि मात्रै भारत निर्यात गर्न पाउने भारतीय नीतिले निर्यातजन्य कतिपय वस्तुमा असर पारिरहेको जानकारी गराइएको अध्यक्ष सुरानाले बताए । उनका अनुसार भारतको यो नीतिले नेपालका प्लाइउड, जुत्ता, सेनेटरी प्याड, सिमेन्ट उद्योगलाई समस्यामा पारेको छ । भारतले लागु गरेको नीतिले नेपाली उद्योगका लागि अवसर दिएको भए पनि तत्काल त्यसले निर्यातमा पारेको असरलाई नेपाली वस्तुलाई ब्युरो अफ इन्डियन स्ट्यान्डर्डको प्रमाणपत्र लिने प्रक्रियामा कूटनीतिक माध्यमबाट सहजीकरण हुनुपर्ने माग गरिएको छ ।

उद्योगीको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीका विशेष आर्थिक सल्लाहकार डा. युवराज खतिवडासँगको छलफलमा आर्थिक एवं औद्योगिक विकास र अर्थतन्त्रलाई चलायमान बनाउन सूक्ष्म अध्ययन गरी सरकार र निजी क्षेत्रबिचको समन्वय बढाउन अनुरोध गरेको बताइएको छ ।

टोलीले विराटनगरमा आगामी माघ ११ देखि २० गतेसम्म हुने विराट एक्स्पो तथा कोशी प्रदेश लगानी सम्मेलनका सन्दर्भमा समेत संघीय सरकारले सहयोग गर्नुपर्ने विषयसमेत उठान गरेको पूर्वअध्यक्ष सुयश प्याकुरेलले जानकारी दिए ।

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,झापा गाउँपालिका वडा नं.-५ मा बस्ने श्री टिम्का राजवंशीकी छोरी पुर्णिमा देवी राजवंशीको मिति वि.सं.२०८१/०६/०८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय राजगढमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरी श्री राधिका राजवंशीले मिति २०८१/०८/०९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/१५**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

| क्र. सं. | ऋणी र व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जाको प्रकार | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालय, इलाम** | | | |
| १. | **ऋणीः** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्टारको कार्यलयमा मिति २०७७/०६/२७ गते आत्मिका कन्स्ट्रक्सन प्रा. लि.को नाममा दर्ता न.२४५१५२/०७७/०७८ रहेको पदम बहादुर राईको नाती हेम प्रसाद राईको छोरा नागरिकता बमोजिम इलाम जिल्ला, चमैता गा.वि.स ८,स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. १, बस्ने मिति २०६५/०१/३१ मा जिल्ला प्रशासन कार्यालय इलामबाट जारी गरिएको ना. प्र.नं. ०३-२-०१०/६६०३ भएको वर्ष ३५ का **दिपेन राई** | **गाडि कर्जा** | मीना राईको नाममा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको इलाम जिल्ला साखेजुङ गा.वि.स वडा नं. ७ स्थित कि.नं. ६३३ को क्षेत्रफल ०-८-०-० रो.आ.पै.दा.( आठ आना) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **व्यक्तिगतजमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | | |
| | **ब्यक्तिगत जमानीकर्ताः** नामः मीना राई; बाबुः जगत बहादुर राई; श्रीमानः हेम प्रसाद राई; ना.प्र.नं.: ०३-०१०-३/८५० (२०६३/१०/१९इलाम); ठेगानाः इलाम जिल्ला, चमैता गा.वि.स ८,स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. १ बस्ने । | **ब्यक्तिगत जमानीकर्ताः** नामः संगिता फागो; बाबुः श्रीमान फागो; श्रीमानः दिपेन राई; ना.प्र.नं.: ०३-१-०१७/९४१६२ (२०६६/१२/२५इलाम); ठेगानाः इलाम जिल्ला, सोयाक गा.वि.स ८,स्थायी ठेगाना भै हाल इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. १ बस्ने । | |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आगलागीबाट सतर्क बनौं

बिहीवार साँझ झापाको गौरीगञ्ज १ मा आगलागी हुँदा करिव १५ लाखको क्षति भयो । त्यसको भोलिपल्ट कचनकवल र शिवसताक्षीमा आलागीका घटना भएका छन् । यसरी सुख्खायाम शुरु भएपछि जिल्लामा आगलागीका घटना बढ्दै गएका छन् । सुख्खा मौसम सुरु भएसँगै आगलागीका घटनाहरु बढ्ने गर्दछन् । विशेष गरी मंसिर महिनादेखि जेठ महिनासम्म आगलागीका घटना बढी हुने गर्छन् । यो समयमा वर्षा कम हुने भएकाले यस्तो घटना धेरै हुने गरेको पाइन्छ । नेपालमा आगलागी र वन डढेलो जनधनको क्षति र पर्यावरणीय हानिको हिसाबले अन्य विपत्का तुलनामा ठूलो विपत् हो । तर पनि यसको नियन्त्रण, जोखिम न्यूनीकरण र व्यवस्थापनमा भने खासै ध्यान दिएको पाइँदैन ।

यतिखेर जमिन तथा जंगल क्षेत्रमा सुख्खापनको मात्रा बढ्दै गएको छ । बढ्दो सुख्खापनाले आगलागीको वास्तविक क्षति हुने समयलाई संकेत गर्छ । हरेक वर्ष दोहोरिने आगलागीबाट हुन सक्ने मानवीय र भौतिक क्षति रोक्न बेलैमा सर्तकता अपनाउनु जरुरी छ । हरेक वर्ष हुने घटना मानेर यसलाई सामान्य ठान्नु हुन्न । आगलागी सुरु भएपछि मात्रै सचेत हुने परम्परागत शैलीका कारण हरेक वर्ष आगलागीबाट धेरै धनजनको क्षति हुने गरेको छ ।

वर्सेनि देशमा आगलागीका घटनाहरुले निरन्तरता पाइरहेका छन् । अहिले पनि त्यो क्रम सुरु भइसकेको छ । नेपालका विभिन्न स्थानमा आगलागीबाट ठूलो भौतिक क्षति भएका समाचारहरु बाहिर आइरहेका छन् । आगलागीबाट ठूलो मात्रामा धनसम्पत्तिको नोक्सानमात्रै भएको छैन, कयौँका ज्यानसमेत जाने, ठूलो संख्यामा घाइते हुने र असंख्या परिवारहरुको उठीबाससमेत भैरहेको देखिन्छ । सहयोग र राहतका सामग्रीहरुमा समेत त्यस्ता पीडित व्यक्ति, परिवार तथा समूहहरु माथि सक्दो भेदभाव हुने गरेको छ ।

आगलागीले विस्थापित हुन पुगेका परिवारहरुको उचित तरिकाले पुनर्स्थापना नभएसम्म त्यस्ता दर्दनाक र पीडादायक घटनाहरुको पुनरावृत्ति बढ्दो क्रममा हुनेछ । आगलागी र डढेलो राष्ट्रिय विपत्तिको प्रमुख कारण बनिरहेको यस्तो अवस्थामा सरकार भने उदासीन देखिनु दुखद् हो । सरकारले आगलागी र डढेलोलाई लिएर त्यसको नियन्त्रण र रोकथामका लागि कुनै प्रभावकारी उपाय अवलम्बन नगर्दा ठूलो क्षति बेहोर्नु पर्दछ । यसर्थ अगलागीका घटना हुन नदिन सरकार र सम्बन्धित निकाय बेलैमा सजग र सतर्क बन्न जरुरी छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# समृद्धिको जग शिक्षा



• डा. गणेशप्रसाद भट्टराई

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था संविधानमै गरिएको छ । संविधानले प्रत्याभूत गरेको उक्त मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी भएका छन् ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको दफा ६ ले चार वर्ष उमेर पुगेका र १३ वर्ष पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । दफा ४ ले अनिवार्य शिक्षाका लागि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था गरेको छ । यसका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा १९ ले विसं २०८५ वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको नागरिक कुनै सरकारी सेवा वा सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेका कुनै संस्थाको सेवामा प्रवेश गर्न वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, कुनै पदमा सेवा गर्न, कुनै पनि कम्पनी फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन योग्य नहुने व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन लागु भएको ६ वर्षपछि सरकारले हालै अधिकारमा आधारित शिक्षाको अवधारणालाई कार्यान्वयनमा लैजान तथा सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना तयार पारेको छ ।

यस कार्ययोजनामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको खाका तयार गर्ने, विभिन्न निकायको समय सीमासहितको कार्य जिम्मेवारी निर्धारण गर्ने, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने र कार्यान्वयनको अनुगमनका लागि सूचक तयार गर्ने उद्देश्य रहेका छन् । यस कार्ययोजनाले नेपालका सबै सार्वजनिक विद्यालय, सरकारको लगानीमा सञ्चालनमा रहेका सामुदायिक विद्यालय, परम्परागत विद्यालय, वैकल्पिक तथा खुला प्रकृतिका विद्यालयबाट प्रदान गरिएको विद्यालय शिक्षा तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको दफा २७ को उपदफा ३ बमोजिम निजी लगानीका विद्यालयमा छात्रवृतिमा अध्ययन गरिरहेका विद्यार्थीको सिकाइ अवसरलाई यसले आफ्नो कार्यक्षेत्रका रूपमा लिएको छ । यो कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण जिम्मेवारी रहने देखाइएको छ ।

यो कार्ययोजना कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहको वडा स्तरमा सरोकारवालाको समेत संलग्नतामा कति बालबालिका विद्यालय पद्धतिमा आएका छन र कति विद्यालय बाहिर छन भन्ने यकिन गरी विवरण तयार पार्नुपर्ने छ । विद्यालय रहेको क्षेत्रको भूगोल, जनसंख्या, उपलब्ध शैक्षिक सुविधाको समेत विश्लेषण गरी प्रत्येक स्थानीय तहमा विद्यालयको नक्साङ्कन गर्नुपर्ने छ र विद्यालय नक्साङ्कन गरेर मात्र आवश्यकताको आधारमा नयाँ विद्यालय स्थापना, थप पूर्वाधार विकास, विद्यालय अपग्रेड वा समायोजन गर्न सकिने छ । यसले जथाभाबी विद्यालय खुल्ने अवस्थालाई व्यवस्थित गर्ने छ । यसै गरी यो कार्ययोजना कार्यान्वयनका लागि सबै वडाका जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सरोकारवालाको उपस्थितिमा विद्यालयमा बालबालिकाले शिक्षाको अवसर प्राप्त गर्नबाट वञ्चित नहुने गरी विद्यालयको सेवा क्षेत्र तोक्नुपर्ने छ । अभिभावकले पनि अनिवार्य रूपमा पायक पर्ने विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना गर्नुपर्ने छ । यसमा सरकार र समुदाय दुवैको समान भूमिका रहने देखिन्छ ।

यसमा स्थानीय तहले विद्यालयमा अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई वैकल्पिक माध्यमबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउन, विपत्मा पनि सिकाइ क्रियाकलाप सञ्चालन हुने व्यवस्था मिलाउन र आर्थिक, भौगोलिक वा शारीरिक, मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताको कारणले विद्यालय जान नसक्ने बालबालिकाका लागि शिक्षा प्राप्तिको प्रबन्ध मिलाउनुपर्ने रणनीति तय गरिएको छ । यसले स्थानीय तहले शिक्षा क्षेत्रमा समतामूलक पहुँच, समता, सहभागिता, गुणस्तर, समावेशिता जस्ता पक्षलाई समेटी शिक्षा योजना निर्माण गर्नुपर्ने अनिवार्यता देखाउँछ । अर्कोतर्फ अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्थासमेतको समन्वयमा लागत साझेदारीको ढाँचासहितको अनिवार्य तथा निःशुल्क शिक्षा कोषको स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएको छ । माध्यमिक शिक्षासम्मको व्यवस्थापनको जिम्मेवारी पाएको स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि वडा कार्यालयबाट विशेष अभियान सञ्चालन गर्ने, साक्षरताका कार्यक्रम सञ्चालन गर्ने, औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको ज्ञान, सिप, अनुभव तथा दक्षतालाई पूर्व सिकाइको मान्यता विधिबाट परीक्षण गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्ने जस्ता कार्यविधि विकास गर्नुपर्ने देखिन्छ ।

आधारभूत शिक्षा लिन वा दिन थप सहयोग आवश्यक पर्ने सीमान्तकृत, अपाङ्गता भएका वा अन्य लक्षित बालबालिकालाई आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन समुदाय परिचालन र अभिभावक सहयोग कार्यक्रम, अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रमलाई अनुकूलन, साङ्केतिक भाषाका माध्यमबाट शिक्षा प्राप्त गर्न पाउने अवसर, लक्षित तथा प्रोत्साहनमूलक कार्यक्रम यस कार्ययोजनाका लागि उपयेगी हुने छन् । यस्तै समयमै पाठ्यपुस्तकको प्राप्ति, शैक्षिक सामग्रीको उपलब्धता, सेनेटरी प्याड, छात्रवृत्ति, स्वास्थ्यकर, पौष्टिक र शुद्ध दिवाखाजा कार्यक्रमलाई अझ प्रतिफलमुखी बनाउन सके अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सहज हुने देखिन्छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका विद्यार्थीको सिकाइ अभिवृद्धिसम्बन्धी कार्यमा स्थानीय तह तथा अन्य संघ संस्थाबिच पारस्पारिक साझेदारी विकास गरी विद्यालय व्यवस्थापन, अनुगमन, तथ्याङ्क व्यवस्थापन जस्ता पक्षामा सबै जिम्मेवार हुनु आवश्यक छ । अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि सरकारले विद्यालय बाहिर रहेका बालबालिका, आधारभूत तह पूरा नगरेका जनसङ्ख्याको मातृभाषागत र उमेरगत विवरण तयार पार्ने योजना बनाएको छ । यसबाट विद्यालयबाहिर रहेका र आधारभूत शिक्षा पूरा नगरेका व्यक्तिको वास्तविक विवरण प्राप्त हुने छ तर यसका लागि सरोकारवालालाई प्रबोधीकरण गर्नु र विद्यालय सञ्चालन र व्यवस्थापनसम्बन्धी मापदण्ड बनाउनु आवश्यक छ । यस्तै प्रत्येक वडाले स्थानान्तरण भइआएका, बसाइँ सरी आएका बालबालिकालाई अगाडिको विद्यालयको अभिलेख लिई विद्यालयमा सेवा क्षेत्रभित्रका सबै बालबालिकालाई विद्यालय भर्ना अनिवार्य गराउने व्यवस्था गर्नु पर्छ ।

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा प्रत्येक विद्यालयमा आवधिक रूपमा विद्यालय सुधार योजना निर्माण गर्ने तथा बजेटमा वृद्धि गरी उपलब्ध स्रोतको समतामूलक वितरण गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्छ । अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि विद्यार्थी सहायता प्रणाली महत्वपूर्ण हुन्छ । यसका लागि छात्रवृत्ति, शैक्षिक समाग्री, पोसाक सुविधा, निःशुल्क पाठ्यपुस्तक, पाठ्यक्रमलाई अपाङ्गताको प्रकृति अनुरूप अनुकूलन गर्ने र दृष्टिविहीन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता आदि भएका बालबालिकाका लागि अपाङ्गताको प्रकृति अनुसार ब्रेल, साङ्केतिक भाषालगायतबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्छ । विद्यालय भवन, कक्षाकोठा, फर्निचर, स्वच्छ पिउने पानी, पानीसहितको पर्याप्त शौचालय, घेरावारसहितको सुरक्षित विद्यालय हाताको निर्माण, विद्यालयमा ल्याब, प्रविधिलगायतको व्यवस्था पनि महत्वपूर्ण हुन्छ । विद्यालय जान नपाएका, विद्यालय गएर पनि बिचैमा विद्यालय छाडेका सिकारुका लागि अनौपचारिक वैकल्पिक कक्षा तथा खुला विद्यालय सञ्चालन, साक्षरता कक्षा सञ्चालन, परम्परागत शिक्षा प्रणालीबाट सिकेका ज्ञान, सिपलाई औपचारिक पद्धतिसरह हुने गरी योग्यता प्रणाली अवलम्बन, आपत्कालीन शिक्षा कार्यक्रम पनि प्रभावकारी हुन्छन् ।

विद्यालय व्यवस्थापनमा धेरै कमजोरी देखिएका छन् । यसलाई सुधार गर्नु आवश्यक छ । अनुगमन मूल्याङ्कन प्रणाली सुदृढ नभई शिक्षामा सुधार हुँदैन । हामीले नागरिक कर्तव्य बारेमा सचेतना कार्यक्रम अगाडि सार्नु आवश्यक छ । यसबाट मात्र अनिवार्य तथा निःशुल्क शिक्षाको आशय अनुसार सबै बालबालिकाले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्न सकिन्छ । सरकारले मात्र गर्न सक्छ र गर्ने हो भन्ने भावनालाई परिवर्तन गरेर अब परिवार, समुदाय, सरकार, गैरसरकारी क्षेत्र र सहयोगी तथा साझेदारबिचको सहकार्यबाट मात्र अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन हुन सक्छ । गुणस्तरीय शिक्षा नै समृद्धिको जग नै शिक्षा हो भन्ने मान्यताले प्रश्रय पाउँछ ।

# स्टार्टअप अभियान युवाको आशा केन्द्र



• तकृष्णहरि बाँस्कोटा

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल सरकारले स्टार्टअप नेसन, २०३० कार्यक्रम घोषणा गरी कार्यान्वयन प्रक्रिया अघि बढाएको बताउनु भएको छ । उहांले नेपाली उत्पादन बढाउन र त्यसको सार्वजनिक निकाय र पदाधिकारीले उपयोग गर्न/गराउन आफू लागिपरेको समेत बताउनुभयो । उहाँको यो प्रतिबद्धता सेन्टर फर इन्नोभेटिभ गभरनेन्स प्राक्टिसेस र स्वशासन अध्ययन प्रतिष्ठानले संयुक्त रूपमा आयोजना गरेको नवप्रवर्धन र स्टार्टअप अभियान कार्यक्रममा व्यक्त गर्नु भएको हो ।

विसं २०८१ भदौ ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीबाट स्टार्टअप नेसन, २०३० कार्यक्रम उद्घाटन भएको थियो । गरिबी घटाउने र राष्ट्रिय आत्मविश्वास बढाउने लक्ष्यसहित यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारले एक हजार स्टार्टअप आरम्भ गरी एक लाखलाई रोजगारी दिने महत्वाकांक्षी अभियान अघि सारेको छ । यस अभियानका माध्यम क्रिएटिभ इकोनोमी निर्माण गर्ने र इनोभेटिभ सोलुसन पत्ता लगाउने सरकारी ध्येय छ । यथार्थमा, स्वदेशमै केही गर्ने नवीवतम र सृजनशील सोच भएकालाई सरकारले सहुलियतमा ऋण दिने गरी एक अर्बको बजेट विनियोजन गरेको छ ।

नेपाल सरकारले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ जारी गरेको छ । साथै, सरकारले स्टार्टअप र नवप्रवर्धन गर्न इकोसिस्टम विकास गर्ने, स्टार्ट अप बोर्ड गठन गर्ने प्रतिबद्धता जनाएको छ । यस कार्यक्रम अन्तर्गत हालसम्म १६७ उद्यमले करिब १७ करोडको कर्जा सुविधा लिइसकेका छन् । यस वर्ष सरकारले एक अर्ब बजेट विनियोजन गरी इच्छुक उद्यमीसँग प्रस्ताव माग गर्दा करिब पाँच हजारले प्रस्ताव पेस गरेका छन् । नेपाल सरकारले एक अर्बबाट करिब छ सय जना उद्यमीलाई सघाउन सक्ने हुँदा अन्य इच्छुक स्टार्टअप उद्यमीलाई वाणिज्य बैङ्कहरूले सघाउनुपर्ने मन्त्री भण्डारीको मत छ । यससम्बन्धी कामको जिम्मेवारी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानलाई प्रदान नगरिएको छ ।

नबिल बैङ्कका अध्यक्ष उपेन्द्र पौडेलले नबिल एसएसईले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलता विकासमार्फत सामाजिक रूपान्तरणमा सक्रिय रहेको बताउनु भएको छ । उहाँका अनुसार नबिल एसएसईबाट आठ सयभन्दा बढीले उद्यमशीलतासम्बन्धी प्रशिक्षण लिएको र बाह्र सय रोजगारी सिर्जना गर्न सफल भएको छ । यसरी नवीन सोच भएका र आफ्नै खुट्टामा उभ्भिन खोज्नेलाई अन्य बैङ्क र वित्तीय संस्थाले पनि सघाउनु पर्छ । नेपाल सरकारबाट तीन प्रतिशत कर्जामा राष्ट्रिय वाणिज्य बैङ्कमार्फत स्टार्टअप उद्यमीलाई कर्जा दिने गरी प्रस्ताव पेस गर्न आग्रह गर्दा उत्पादनमूलक, सेवामूलक, औषधीजन्य, कृषि र पशुपन्छीलगायतका उद्यमीले आआफ्नो प्रस्ताव अघि सारेका छन् । सरसर्ती हेर्दा साना पसल, खाजाघर, हस्तकला, एग्रो फर्म, कृषिफर्म, पशुपन्छी फर्म, पोल्टी व्यवसाय, मोबाइल पसल, कपडा पसल, होजियारी उद्योग, डेरी उद्योगलगायतमा प्रस्ताव प्राप्त भएको पाइएको छ । यी प्रस्ताव ३० जिल्लाबाट प्राप्त भएको जनाइएको छ । यी सबैले कर्जा नपाए पनि आफूले गर्न चाहेको काम गर्न अग्रसर हुनु हरेक नागरिकको कर्तव्य हो ।

सरकारले जारी गरेको कार्यविधि अनुसार कर्जा पाउन उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको हुनुपर्ने हुन्छ । साथै, सम्बन्धित निकायमा दर्ता भएको (प्रालि, कम्पनी, साझेदारी वा सहकारीमा दर्ता) हुनु पर्छ । यसै गरी कुनै पनि वर्षको कारोबार रु. १५ करोडभन्दा बढी नभएको हुनु पर्छ । यस अतिरिक्त, उद्यम व्यवसाय नटुक्रिएको वा नगाभिएको र नवीन एवं सिर्जनशील सोचमा आधारित, रूपान्तरण गरी तीव्र विकासका सम्भावना भएको हुनु पर्छ । यी सर्तलाई सरल तुल्याउनु पर्ने सुझाव आइरहेका छन् । जे होस्, यस सरकारी अभियानबाट रकम हासिल गर्न उद्योग दर्ता र नवीकरणको प्रमाणपत्र, स्थायी लेखा नम्बर, अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, नागरिकता र कर्मचारीको तलबी विवरण आवश्यक पर्ने सरकारी कार्यविधिमा लेखिएको छ । यसरी प्राप्त गरेको रकमको पूर्ण सदुपयोगको सुनिश्चितता हुनुपर्ने नागरिक समाजका अगुवाको मत छ ।

स्टार्टअप कर्जा जारी गर्ने कार्यविधिका अनुसार एक उद्यमीले एकभन्दा बढी प्रस्ताव गर्न नपाइने व्यवस्था छ । यस प्रयोजनका लागि परियोजना नै धितो राख्न सकिने हुन्छ । राष्ट्रिय वाणिज्य बैङ्कले यससम्बन्धी कर्जा प्रवाह गर्दा ०.१ प्रतिशत मात्रै सेवा शुल्क लिन पाउने छ । यस अभियान अन्तर्गत कर्जा प्राप्त गरी उत्कृष्ट काम गर्नेले पुरस्कार पाउने व्यवस्थासमेत गरिएको छ । यस्तो कर्जा प्रवाह गर्न सरकारले विभिन्न १९ वटा क्षेत्र तोकेको छ । जसमा कृषि तथा पशुपन्छी, वन पैदावार, पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, प्रविधि, सूचना र सञ्चार, अटोमोबाइल, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधार, घरायसी वा दैनिक जीवन र खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित उद्योग प्रमुख रूपमा रहेका छन् । यसबाट नेपालमा उद्यमशीलताको ढोका खुल्ने सरकारको विश्वास छ ।

यस क्षेत्रमा इनभेन्सन, इनोभेसन र इभुलुसन जस्ता तीन वटा अङ्ग्रेजी शब्दको प्रयोग हुने गरेको छ । यिनको अर्थ फरक फरक भए पनि नवप्रवर्धन र स्टार्टअपका कुरा गर्दा यी सबैलाई एकै ठाउँमा राखी बुझ्ने गरिएको छ । ग्यालोलियो, न्युटन, आइन्सटाइन र थोमस एल्बाएडिसनका आविष्कारले विश्व नै बदलिदियो । जो इनभेन्सन थिए । थोमन न्युकोमेनले आविष्कार गरेको वाष्प इन्जिनको जेम्सवाटले परिष्कृत गरी बेलायतलाई औद्योगिकीकरणमा रूपान्तरित गरे । जुन इनोभेसन थियो । केमिकलबाट फुजी फिल्मले फोटो खिच्ने रिलको आविष्कार गरेको थियो । डिजिटल क्यामराको आविष्कारपछि रिलको बजारमा माग भएन । त्यसपछि सो कम्पनीले सोही केमिकल उपयोग गरी हाल बजारमा स्किन केयर प्रडक्ट बिक्री गरिरहेको छ । यसलाई इभुलुसन भन्न सकिन्छ ।

विश्व इन्नोभेसन सूचकमा स्विट्जरल्यान्ड, स्विडेन, अमेरिका, सिङ्गापुर र बेलायत अग्रणी स्थानमा छन् । एसियामा सिङ्गापुर, कोरिया, चीन, जापान र इजरायलको स्थान माथि छ । विज्ञानका क्षेत्रमा नोबेल प्राइज पाउनेमा अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, जापान अग्रस्थानमा छन् । यसर्थ, विश्वका अधिकांश आविष्कार यिनै देशबाट भएका छन् । पछिल्ला दिनमा भारत, इजरायल जस्ता मुलुक स्टार्टअपलाई प्रवर्धन गर्ने अग्रपङ्क्तिका मुलुकमा पर्छन् ।

हिजोआज जेन जी पुस्ताको निकै चर्चा हुने गरेको छ । यी रिमोट वर्किङमा अभ्यस्त हुँदै गएका छन् । यिनीहरू औसतमा चार घण्टा इन्स्टाग्राम, फेसबुक, स्न्यापच्याट, टिकटक, ट्विटर, ह्वाट्एपलगायतमा संलग्न रहन्छन् भन्ने सर्वेले देखाएका छन् । जेन जी पुस्ताका आइकन उद्यमी माबेन फ्रान्सिस (फिटनेस पहिरन), बेन्जामिन किक (स्निकर्स रिसेलिङ्ग व्यवसाय), मोजियाह (बो टाई), इवान स्पिजेल (स्न्यापच्याट), एलिना मेर्स (जोली पप), ग्रेटा थुनवार्ज (जलवायु परिवर्तनकी अभियन्ता) लगायत अग्रस्थानमा पर्छन् । यसर्थ, हामीले पनि युवा पुस्ताको रुचिलाई आत्मसात् गरी अघि बढ्नु पर्छ । युवा पुस्ता के कारणले स्टार्टअपमा सहभागी हुन्छन् भनी उनीहरूको मनोविज्ञान बुझ्नु पर्छ । मूलतः उनीहरू आफ्नो सपना साकार पार्न, नाम र दाम कमाउन, आत्मसन्तुष्टि हुन, नवप्रवर्धक कहलिन, सामाजिक प्रतिष्ठा आर्जन गर्न र अरूका लागि प्रेरणाको स्रोत बन्न यी अयियानमा संलग्न हुने गरेको पाइएको छ । मेटलाइफ र युएस चेम्बरको अध्ययन अनुसार सामान्यतः स्टार्टअप व्यवसायी औसतमा दैनिक १४ घण्टा काम गर्छन् ।

स्टार्टअपका लागि क्राउड फन्डिङ एउटा उत्तम माध्यम हो । नेपालमा कानुनको अभाव छ । महावीर पुनले सञ्चालनमा ल्याएको आविष्कार केन्द्र र डा. भगवान् कोइरालाले आरम्भ गरेको बाल मुटु अस्पताल यसका असल दृष्टान्त हुन् । सन् २००७ को मन्दीपछि साना व्यवसायीले ऋण पाउन नसकेपछि यो अभियान सञ्चालनमा आएको हो । हाल विश्व बजारमा १.१७ विलियन क्राउड फन्डिङ उपलब्ध रहेको अनुमान छ । यसबाट नेपाली युवाले पनि लाभ लिनु पर्छ । नेपाल राष्ट्र बैङ्कबाट वैकल्पिक वित्तीय स्रोत

# पाथीभरा मन्दिरका पुराना घण्टी लिलाम बिक्री गरिँदै



झापा(प्रस) ।पाथीभरा मन्दिरका पुराना घण्टी लिलाम बिक्री गरिने भएको छ । पाथीभरा क्षेत्र विकास समितिले शुक्रवार एक सूचना जारी गर्दै शिलबन्दी बोलपत्र पेस गर्न आह्वान गरेको हो । 'पुराना घण्टी जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नुपर्ने भएको हुनाले इच्छुक व्यक्ति वा फर्महरूबाट पुस १३ गते १२:३० बजेभित्र शिलबन्दी बोलपत्र पेस गर्न आह्वान गरिएको छ', सूचनामा भनिएको छ ।

पुरानो घण्टी प्रतिकेजी ३८० रुपैयाँमा बिक्री हुने र लिलाम बिक्री हुने सामान हेर्न बुझ्न चाहनेले मङ्सिर १६ गतेदेखि पुस १२ गतेसम्म बिदाको दिन बाहेक कार्यालय समय सम्पर्क गर्न सक्ने समितिले जानकारी दिएको छ ।

# कर्णाली साकोसको अन्तिम माइन्यूट प्रमाणीकरण सभा



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको कर्णाली बचत तथा ऋण सहकारी संस्थाले २४ औं बार्षिक साधारणसभाअन्तरगत माइन्यूट लेखन तथा प्रमाणीकरण सभा सम्पन्न गरेको छ । कोशी प्रदेशका भौतिक, यातायात तथा पूर्वाधारमन्त्री भूमिप्रसाद राजवंशीले प्रमाणिकरण सभाको उद्घाटन गरेका थिए । उनले केही सहकारीको गलत गतिविधिका कारण आम सहकारी संस्थाहरुलाई चोट पुगेको बताए । उनले सहकारीहरुले काम गराईको विश्वासिलो वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठले २४ औं अन्तिम माइन्युट प्रमाणीकरण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म ५६ हजार ४०९ जना शेयर सदस्य, २ अर्ब ७८ करोड ८३ लाख ९४ हजार ११० रुपैयाँ निक्षेप बचत, ३ अर्ब ७६ करोड ८० लाख ४८ हजार १५६ रुपैयाँ ऋण लगानीमा रहेको छ । २४ औं बार्षिक साधारणसभासम्म आइपुग्दा संस्थाको चुक्ता शेयर पुँजी ५१ करोड ९३ लाख ७५ हजार ७०० रुपैयाँ पुगेको अध्यक्ष टसबहादुर श्रेष्ठले कार्यक्रममा प्रस्तुत गरेको प्रतिवेदनमा छ ।

संस्थाको कोषमा ५४ करोड ७७ लाख ६१ हजार ६१६ रुपैयाँ रहेको, जसमध्ये १७ करोड २४ लाख ९० हजार २२९ रुपैयाँ आवश्यक परेको समयमा निकाल्न सकिने र ३७ करोड ५२ लाख ७१ हजार ३७८ रुपैयाँ संस्थामा मौज्दात रहने अध्यक्ष श्रेष्ठको प्रतिवेदनमा उल्लेख छ । झापा, मोरङ र इलाम गरी तीन जिल्लाका २६ पालिकामा कार्यक्षेत्र रहेको कर्णालीले स्वीकृति भएको ४६ सेवाकेन्द्रमध्ये ४१ वटा सेवाकेन्द्रबाट सदस्यलाई सेवा प्रदान गर्दै आएको छ ।

कर्णालीले आफ्ना ४१ वटा सेवाकेन्द्रहरुलाई ७ वटा इकाइमा विभाजन गरी गत कात्तिक २५ गतेदेखि इकाइगत साधारणसभा गरेको थियो । सोही कार्यक्रमकाबिच साकोसका लक्ष्मीपुर सेवाकेन्द्रका मृतक सदस्यको परिवारलाई २ लाख रुपैयाँको चेक हस्तान्तरण गरिएको छ । मृतक नारायणप्रसाद यादवकी हकवाला श्रीमती ज्योती यादवलाई छोरा लक्ष्मी यादवमार्फत उक्त चेक हस्तान्तरण गरिएको थियो । संस्थाले यसअघि पनि यादवले लिएको ऋण मिनाहलगायत गरेर यो २ लाखसहित ५ लाख १३ हजार ९७२ रुपैयाँ प्रदान गरेको सचिव भूपाल बस्नेतले जानकारी दिए । संस्थाका उपाध्यक्ष राजकुमार गौतमले स्वागत गरेको कार्यक्रममा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकाल, झापा जिल्ला बचत तथा ऋण सहकारी संघका वरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव बस्नेतले गरेका थिए ।

### स्टार्टअप...

परिचालन नीति जारी भएको छ । उक्त बैङ्कले कन्सलटेटिभ डक्युमेन्ट अन पियर टु पियर ल्यान्डिङ एन्ड क्राउड फन्डिङको अवधारणा अघि सारेको कारण बजारमा नयाँ तरङ्ग पैदा भएको छ । सामान्यतः यसलाई बेलायतमा जोपा, अमेरिकामा प्रोसपर, चीन, मलेसिया र इन्डोनेसियामा पिटुपी र नेपालमा आइपिओ भन्ने प्रचलन पनि छ ।

हाल नेपालमा १२ प्रतिशत मानिस बेरोजगार छन् । नेपालमा ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले दिन्छ । तथ्याङ्क अनुसार बर्सेनि श्रम बजारमा सात लाख जनशक्ति प्रवेश गर्छन् । हामीकहाँ आठ लाख सिपयुक्त विदेशीले काम गरिरहेको अनुमान छ । यिनले वार्षिक चार खर्ब रेमिट्यान्स लैजान्छन् । यसर्थ, हामीले मुलुकमा उपलब्ध ह्युमन क्यापिटलको सदुपयोग गर्नु पर्छ । नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार ७० लाख मानिस पूर्ण र आंशिक रोजगारीमा छन् । यिनलाई रोजगारी दिन हामीले प्राकृतिक सम्पदा अर्थात् ह्वाइट गोल्डको उपयोग गर्नु पर्छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार हरित अर्थतन्त्र अनुसरण गर्दा करिब दुई करोड रोजगारी सिर्जना हुने छ । यसै गरी ज्ञानविज्ञानमा आधारित अर्थतन्त्र, गिग अर्थतन्त्र, डिजिटाइजेसन, आर्टिफिसियल इन्टेलिजेन्स, डिजिटल व्यापार, डिजिटलबैङ्किङ,टेलिमेडिसिनलगायतमा नयाँ रोजगारीको सम्भावना रहेको जनाइएको छ । यसर्थ, जलवायु वित्त कोष, एफडिआई, ग्लोबल च्यालेन्ज फन्डलगायतमा हाम्रो पहुँच बढाउनु पर्छ । यी प्रयासबाट मात्रै हामीले अपेक्षा गरे अनुसार स्टार्टअप अभियानमा सहभागी हुन खोज्ने आम युवा र उद्यमीलाई सघाउन सक्ने छौँ । यस अभियानलाई हात्ती आयो, हात्ती आयो फुस्सा हुन दिनु हुँदैन । यसर्थ उद्योग मन्त्री दामोदर भण्डारीले भनेझैँ नेपालमा घोषणा भएका अभियानमध्ये सफल कार्यान्वयनको अभियानमा स्टार्टअपलाई दर्ज गर्न हामी सबैले कुनै कसर बाँकी राख्नु हुँदैन । यो नै वर्तमान युवा पुस्तालाई वैदशिक रोजगारीमा जान रोक्ने र वैदेशिक रोजगारीबाट नेपाल फर्काउने अचुक अस्त्र हो ।

# लैंगिक हिंसा: अवस्था, कारण र सुझाव

• अधिवक्ता कविता बास्तोला

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सन् १९९१ मा सेन्टर फर ओमन्स ग्लोब लिडरशिपको सहयोगमा २३ देशका महिला अधिकारकर्मी समूहले शुरु गरेका थिए । त्यसपछि हरेक नोभेम्बर २५ देखि १० डिसेम्बरसम्म विश्वव्यापी रुपमा मनाउने गरिएको छ । ऐतिहासिक पृष्ठभूमि हेर्दा डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका ३ साहसी दिदीबहिनीहरु पेट्रीया मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासंग जोडिएको छ । सन् १९९९ मा संयुक्त राष्ट्रसंघले यही नोभेम्बर २५ का दिनलाई संसारभर नै महिला विरुद्धको हिंसा अन्त्यको लागि अन्तर्राष्ट्रिय दिवस मानेको छ। कुनै पनि व्यक्तिलाई ऊ महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएकै कारणले गरिने शारीरिक, मानसिक वा यौनिक रूपले दिइने पीडा वा गरिने काम र व्यवहारहरु नै लैङ्गिक हिंसा हो। यसले कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा समेतलाई बुझ्नु पर्छ । पुरुष पीडकका रुपमा रहँदै आएको कारण परिवार समाजमा हुने विवाद, अपराध आदिमा महिला पीडक रहेपनि पुरुष नै दोषी रहेको शंका अनुमान गरिन्छ । घरेलु हिंसा, बलात्कार आदिका कतिपय घटनामा पुरुष निर्दोष रहँदा पनि दोषी देख्ने परिपाटी यही संरचना र मान्यताले निर्धारण गरेको हुन्छ। वास्तवमा पुरुष आफैमा हिंस्रक, कठोर, निरंकुश हुने नभई उसको हुर्काइ दिईएको भूमिका र स्थान पारिवारिक र सामाजिक मनोविज्ञानले परोक्ष प्रत्यक्ष प्रभाव पारेको हुन्छ । समाजमा महिला र पुरुष दुवै वर्ग कुनै न कुनै प्रकारको हिंसाबाट प्रताडित भइनै रहेको हुन्छ । यद्यपि विभेदपूर्ण संरचना र यसबाट प्रकट हुने हिंसाका स्वरुपहरु धेरैजसो महिलाविरुद्ध सोझै लक्षित भइरहेका, सतहमा आएका सार्वजनिक भएका हिंसाका घटनाले देखाएका छन्।

२०८१ को अन्वेशी पुस्तकमा महिला अधिकारवादी संस्था ओरेक नेपालबाट १३९३ वटा महिला हिंसाका घटनाहरुको अभिलेखीकरण भएको छ। जसमा सबैभन्दा बढी (६५ प्रतिशत) ९११ जना घरेलु हिंसाबाट प्रभावित रहेका छन् । यसले महिलाहरु सबैभन्दा बढी सुरक्षित ठानिएको घर र आफ्ना नजिकका सम्बन्धहरुबाट नै हिंसाको उच्च जोखिममा रहेको यथार्थतालाई उजागर गरेको छ। यसैगरी महिलाहरुको घरेलु श्रम तथा सेवामूलक कामको मान्यता नभएका कारण ५२० जना महिलामाथि हिंसा भएको तथ्याङ्क अभिलेखन भएको छ। यसले महिलालाई बनाएको आर्थिक परनिर्भरता र यसका कारण हिंसाको श्रृङखला सहन बाध्य बन्नु परेको अवस्थालाई उजागर गरेको छ। यसैगरी युवा उमेर समूहका महिलाहरु हिंसाबाट बढी प्रभावित रहेका देखिन्छन् । अभिलेखन भएका घटनाहरुमध्ये ७६ प्रतिशत प्रभावित विवाहित महिला रहेको अवस्था छ। यसले महिलाको शरीरमाथि पुरुषको नियन्त्रणको अवस्थालाई स्पष्ट देखाएको छ।

महिलामाथि हुने गरेका हिंसाका विभिन्न स्वरूपलाई हेर्दा यस वर्ष पनि अघिल्लो वर्षझैं महिलाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रभावित भएका छन् । घरेलु हिंसामा महिलामाथि सबैभन्दा बढी आफ्नै श्रीमान्बाट र परिवारका सदस्यहरूबाट हिंसा भएको पाइएको छ। यस तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरू सबैभन्दा बढी घरभित्रै र आफ्ना भनिएका व्यक्तिहरूबाट नै असुरक्षित छन् भन्ने कुराको पुनः पुष्टि भएको छ । मनोरन्जन क्षेत्रमा काम गर्ने महिलाहरु कार्यस्थलका साथै सबैभन्दा बढी घरेलु हिंसाको जोखिममा रहेका छन्। यसले श्रमिक महिलाको दोहोरो हिंसाको जोखिमलाई देखाएको छ।

यसरी तथ्यांकले अधिकांश घटनामा महिला पीडित भएको देखिने हुँदा लैङ्गिक हिंसा विरुद्धको अभियानलाई महिला हिंसाविरुद्धको अभियानका रुपमा पनि लिने गरिन्छ। महिला र पुरुषसंगै अहिले समलिंगीको लैङ्गिक न्यायको मुद्धा समेत लैङ्गिक हिंसाबिरुद्धको अभियानमा जोडिएको छ ।

**समस्या**

१.लोकअभ्यास र औपचारिक कानून
२.महिलाको भूमिकाको आर्थिक मूल्यांकन नहुनु
३.सार्वजनिक संजाल
४.यौनप्रतिको सामाजिक दृष्टिकोण
५.संरचनात्मक लाभांश
६. महिलाले आफ्नो क्षमता प्रमाणित नै गर्नुपर्ने
७. कार्यालयमा हिंसा

**कारण**

शक्ति,सत्ता,शासन , श्रोत

समाधान

१.नयाँ पुस्तामा कामको समान बाँडफाँट्को थालनी
२. पाठ्यक्रममा थप सुधार
३.पुरुषको अर्थपूर्ण सक्रियता
४.पीडकको आचरण सुधारमुखी व्यवस्था
५.राजनैतिक इच्छाशक्ति
६.हिंसाको स्वरुपमा आएको परिवर्तन बमोजिमको सम्बोधन
७. सुरक्षा आवास गृहको अवधारणमा परिवर्तन ।
८. पुरुषको सचेतीकरण, महिलाको सशक्तिकरण ।
९. किशोर किशोरी लक्षित बिशेष अभियान संचालन गर्ने ।
१०. आपतकालीन अवस्थामा प्रहरी तथा अन्य सहायता सेवासम्म पुग्न सहज बनाउन मोबाइल एपहरू, हेल्पलाइनहरू र डिजिटल प्लेटफर्महरू तुरुन्त सञ्चालन गनुपर्ने ।
११. स्थानीय न्यायिक समितिले कानूनी सचेतना अभिवृद्धि गर्ने ।
१२. न्यायिक प्रकृयाका सम्पूर्ण चरणहरु उजुरी, अनुसन्धान, अदालती प्रकृया तथा फैसला कार्यान्वयनलाई समेत चुस्त, दुरुस्त तथा प्रभावितमैत्री बनाउनुपर्ने ।
१५. मनोसामाजिक परामर्शकर्ता, उजुरी दर्ता गर्न वा आवेदनहरू लेख्ने सहयोगीको व्यवस्था गर्नुपर्ने ।

( मानव अधिकार सञ्जाल झापाद्वारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रलाई प्रस्तुत गरेका हौं )

# स्वास्थ्य मन्त्रालयले खरिद गरेका करोडौं पर्ने उपकरण ड्यामेज

झापा(प्रस) । कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयमा करोडौं मूल्यका महत्वपूर्ण उपकरणहरू 'ड्यामेज' भएको तथ्याङ्क सार्वजनिक भएको छ ।

प्रदेशका स्वास्थ्यमन्त्री भुपेन्द्र राईले विभिन्न ९ वटा अस्पतालमा १२० वटा त्यस्ता उपकरण ड्यामेज भएको जानकारी दिएका हुन् ।

उपर्युक्त जनशक्ति नहुँदै बजेटमा उपकरण खरिदमा बजेट विनियोजन गर्ने र सामान खरिद गर्दा कतिपय नयाँ मेसिन नचल्ने अवस्थामा रहेको उनले बताए । 'मन्त्रालय र मातहतका कार्यालयहरूमा अर्बौंको सम्पत्ति ड्यामेज भएर राखिएको अवस्थामा भेटियो । यो अत्यन्तै गम्भीर कुरा हो,' उनले भने, 'स्वास्थ्य क्षेत्रलाई हामीले व्यवस्थित गर्न नसकेको उदाहरण हो । यस्ता उपकरणलाई सकभर मर्मत गरेर सञ्चालन हुने रहेछ भने हामी मर्मत सम्भार गर्ने पहल गर्छौं ।'

अब यस्तै खालका उपकरण अति आवश्यक बाहेक खरिद नगर्ने मन्त्री राईले प्रष्ट पारे । 'ड्यामेज हुने उपकरण नयाँ पनि रहेको तर, जनशक्तिको अभावको कारण नचलिरहेको अवस्था छ,' उनले भने, 'त्यस्ता उपकरणलाई पनि हामीले चल्ने अस्पतालमा तानेर चलाउँछौं । अहिले नचलाइ राखेका उपकरण नै फेरि खरिद गरिँदैन ।'




मन्त्रालयले बजेट विनियोजन गर्दा जनशक्तिलाई ध्यानमा राखेर उपकरण खरिद नगरेको मन्त्री राईले बताए । 'यो बजेट विनियोजन गर्दा जनशक्तिलाई ख्याल गरेरमात्रै बजेट छुट्याएको भए हुन्थ्यो । म बजेट विनियोजन गर्ने बेलामा मन्त्री थिइनँ । तर, अहिलेको बजेटमा छुट्याएको बजेटबाट उपकरण खरिद गर्न रोकेको अवस्था छ ।'

मन्त्री राईले राज्यलाई अनावश्यक भार थप्न नहुने बताए । जनशक्ति छैन भने सामानमात्रै खरिद गरेर राज्यलाई लोड थप्नु नहुने उनको भनाइ थियो । 'त्यस्ता उपकरण अब खरिद हुँदैन बरु बजेट काटिँदै जान्छ,' उनले भने ।

यस्तै मन्त्रालयको औषधि खरिदमा पनि समस्या देखिएको मन्त्री राईले बताए । 'हामीले बजेट असार १ गते ल्याउँछौं । तर, आर्थिक वर्षको अन्त्य वैशाख, जेठ र असारमा औषधि खरिद गरेको देखियो । समयमै औषधि नपुगेर नागरिकहरू लाभान्वित नभएको भन्ने गुनासो आइरहेको थियो । त्यसको कारण यही रहेछ,' मन्त्री राईले भने ।

तत्कालै ठेक्का सुरु गरेर समयमै औषधि खरिद गर्नेतिर आफ्नो ध्यान जाने मन्त्री राईले बताए । औषधि खरिद गर्ने प्रक्रिया वा जुनसुकै काममा ढिलाइ गर्नुपर्ने कुनै पनि कारण छैन,' उनले भने, 'बजेट आइसकेपछि दुई महिना, तीन महिनाभित्र सबै प्रक्रिया टुङ्ग्याउन सक्ने व्यवस्था छ । अब औषधि खरिदको प्रक्रिया चाँडो टुङ्ग्याउन म पहल गर्छु ।'

चाँडै औषधि खरिद प्रक्रिया अगाडि बढ्ने मन्त्री राईको भनाइ छ । मन्त्रालय स्रोतले भने आर्थिक वर्षको अन्त्यमा ६ महिनामा म्याद गुज्रेका औषधि खरिद गर्दा ७० प्रतिशतभन्दा बढी कमिसन कर्मचारीलाई आउने गरेको कारण ढिलाइ गर्ने गरेको दाबी गर्‍यो ।

'आर्थिक वर्षको अन्त्यमा म्याद सकिन ६ महिना बाँकी रहेको औषधि खरिद गर्दा बढी कमिसन आउँछ,' उक्त स्रोतले भन्यो, 'समयमै खरिद गर्दा त कमिसन आउँदैन ।'

मन्त्रालयले दिएको विवरण अनुसार मन्त्रालय र मातहतका निकायमा अहिले पनि १२४ जना कर्मचारीको अभाव छ । अभाव भएका कर्मचारीको पदपूर्तिका लागि प्रदेशका मुख्यमन्त्री र लोकसेवा आयोगसँग छलफल गरेर तत्कालै प्रक्रिया अगाडि बढाउने मन्त्री राईले बताए ।

'वास्तवमा स्वास्थ्य मन्त्रालय मातहतमा रहेको जनशक्तिमा ८० प्रतिशत अभाव देखियो । करारमा नियुक्ति गरेर केही पदहरूमा पदपूर्ति गरिएको छ । तर, प्राविधिक जनशक्तिको अभाव अत्यधिक देखियो,' उनले भने, 'यी पदहरूमा जनशक्ति आपूर्ति नभएसम्म सेवा प्रभावकारी हुन सक्दैन । यो हप्ताभित्रै बैठक बसेर पदपूर्तिको व्यवस्था मिलाउँछौं ।'

मन्त्री राईले मन्त्रालयमा रहेको बेरुजुको विवरण पनि सार्वजनिक गरेका छन् । जसअनुसार असुल गर्नुपर्ने बेरुजु ३ करोड ५ लाख १ हजार ३२८ रुपैयाँ, नियमित गर्ने बेरुजु ३७ करोड ६२ लाख ७८ हजार ३ रुपैयाँ, पेश्की बेरुजु ७१ लाख ३३ हजार ६७४ रुपैयाँ गरी जम्मा बेरुजु ४१ करोड ३९ लाख १३ हजार ५ रुपैयाँ छ । कोशी प्रदेश मन्त्रालय मातहतमा २४ वटा अस्पताललाई सञ्चालनको स्वीकृति दिएको, तीमध्ये १४ वटाले नवीकरण गरेको र २३ वटा नयाँ अस्पतालले स्वीकृतिका लागि निवेदन दिएको मन्त्री राईले जानकारी दिए ।

मन्त्री राईले मन्त्रालय मातहतमा हाल १७ वटा एम्बुलेन्स, २ वटा शवबाहन, ४५ वटा गाडी, ११२ वटा मोटरसाइकल र १४ वटा स्कुटर रहेको जानकारी दिए । जसमध्ये ५ वटा एम्बुलेन्स, ५ वटा गाडी र ७ वटा मोटरसाइकल सञ्चालनमा नरहेको जनाइएको छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** शुभकार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनेछ ।सामाजिक क्षेत्रबाट मान मिल्नेछ

**वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।